परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष ११ ❑ अंक ३५ २०७९ चैत २६ गते आईतवार Sunday 9, APR 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

## अखिल नेपाल पिछडावर्ग (ओविसी) महासंघको प्रथम राष्ट्रिय महाधिवेशन सम्पन्न



विराटनगर । अखिल नेपाल पिछडावर्ग (ओविसी) महासंघको प्रथम केन्द्रिय महाधिवेशन भव्यतको साथ सम्पन्न भएको छ ।

मधेश प्रदेशको विरंगजमा भएको प्रथम केन्द्रिय महाधिवेशनको समुद्घाटन प्रमुख अतिथी समृद्ध नेपाल सुखी नेपालीको सिद्धान्तकार पार्टी अध्यक्ष एवं पुर्व प्रधानमन्त्री कमरेड केपी शर्मा ओलीले गर्नु भएको थियो ।

उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रमुख अतिथीले भने अखिल नेपाल पिछडा वर्गमा रहेका जात जातीहरुको शैक्षिक, राजनीतिक, सांस्कृतीक उत्थानका लागि एमाले पार्टी लागी पर्ने प्रतिवद्धता जनाउँदै अधिवेशनको पुर्ण सफलताको कामना गरका थिए ।

चैत २२ गते भएको अखिल नेपाल पिछडा वर्ग (ओबिसी) महासंघको अधिवेशनवाट सर्वसम्मत रुपमा पुन: अध्यक्षमा तेजप्रकाश निषाद निर्वाचित भएका छन । बुधबार राती वीरगंजको टाउनहलमा सम्पन्न बन्द सत्रले पर्सा जिल्ला निवासी निषादकै अध्यक्षतामा ३५ सदसिय नयाँ कार्य समिती चयन गरेको छ ।

त्यसैगरी समितीको उपाध्यक्षमा अकलेश साह ( पर्सा), बिनोद चौधरी कुर्मी (लुम्बनी) बालेश्वर कामत (मोरङ्ग) महासचिव जयप्रकाश महतो ( मोरङ्ग) उपमहासचिव धनराज गुप्ता (बारा) सचिव चन्द्रप्रकाश यादव ( धनुषा), पुनम साह (सुनसरी) अशोक कुमार यादव (सप्तरी) कोषाध्यक्ष लिला कुशवाहा (बारा) रहेका छन् ।

सदस्यहरुमा राधेश्याम सहनी (रौतहट), बलिराम सहनी (रौतहट), राजेश सहनी, राजन साह कानु, संदिप महतो, गिता रानी महतो,

वांकी अन्तिम पेजमा...

## विश्व अटिजम दिवस

विराटनगर । विश्व अटिजम दिवसको अवसरमा अनमोल स्पेशल एजुकेशन सेन्टरले विराटनगरमा जनचेतना मुल ऱ्याली प्रदर्शन गरका छन् ।

विराटनगर स्थित ट्राफिक चोकदेखि ऱ्याली निकालेर बजारको मुख्य सडक हुँदै नगर प्रहरी कार्यालय धरान रोड शनिमन्दिर महेन्द्र चैक हुँदै पुन: ट्रफिक चौकमा कोण सभा गरको थियो ।

अटिजमबाट पिडित भएका बाल बालिकाहरुका लागि शिक्षा र उपचारको सानो प्रयासले जनचेतना ऱ्याली प्रदर्शन गरेको स्कुलकी अध्यक्ष अचर्ना पोखरेलले वताए ।

अटिजम अर्थात बोद्धिक अपांगता भएका विषेश बाल बालिकाहरुलाई पहिचान गरी अन्य बालबालिका सरह सक्षम बनाई विद्यालय जानसक्ने बाल बालिकाहरु निर्माण गर्ने स्कुलको उदेश्य रहेको सेन्टरको संस्थापक एवं प्रिन्सिपल संगीता नेउपानेले वताए ।

अटिजमभएका बाल बालिकाहरु एक्लै बस्नु अरुसंग कुनै सरोकारै नराख्नु, आँखा नजुधाउनु, आफ्ना र अरुको भावनाको वारेमा ज्ञान नहुन, ठूलो हुनजेलसम्म बोली नआउनु वा भाषाको ज्ञान नहुनु, बोलेपनि रोबोटले बोलेजस्तो गरी बोल्नु र प्रश्नको असांदर्भिक उत्तर दिनु लगायतका अटिजम को लक्षण हुन् ।

अनमोल स्पेशल एजुकेशन सेन्टर विराटनगरमा सुनसरी, मोरंग र झापाका ५० जना विद्याथीहरु रहेको छ । अहिले निजी स्तरमा सेन्टर चलि रहको छ । बौद्धिक अपांगता भएको वालबालिकाहरुको रेखदेख गर्नु सरकारको सेमत दायित्व रहकोले विराटनगर महानगर पालिका संग समेत कुरा भई रहेको छ । सरकारले सहयोग गरेमा निशुल्क शिक्षा र थेरापी उपचार समेत हुने नेउपानेले वताईन ।

नेपालमा तीन लाख व्यक्तिमा अटिजम भएको हुन सक्ने अटिजम केयर नेपाल सोसाइटीको अनुमान छ । यद्यपी यसको यकिन तथ्याङ्क सरकारसँग पनि छैन । प्रत्येक ६८ बाल बालिकामध्ये एक जनामा देखिने गरेको अटिजम बालिकामा भन्दा बालकमा पाँच गुणाले बढी पाइएको सोसाइटीले जनाएको छ ।

## कोशी प्रदेशका खेलाडीहरुलाई सम्मान

विराटनगर । खेलकुदमा पदक विजेता कोशी प्रदेश सरकारका मुख्य मन्त्री हिक्मत कुमार कार्कीले १० जना खेलाडीहरुलाई सम्मान गरेका छन् ।

सो सम्मान कार्यक्रमलाई सम्वोधन गर्दै कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले खेलकुद क्षेत्रलाई राजनीतिमा मिसाउने पक्षमा आफू नरहेको वताए ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका प्रतियोगिताहरुमा सहभागि भई विभिन्न विधामा पदक विजेता कोशी प्रदेशका खेलाडीहरुलाई सम्मान गर्दै मुख्यमन्त्री कार्कीले सो कुरा वताएको हो । उहाँले खेलकुद क्षेत्रमा पार्टी र गुटगत राजनीति गर्न नहुने बताउँदै संवैधानिक र कानूनी प्रक्रिया पुर्‍याएर काम गर्न प्रदेश खेलकुद बोर्डका पदाधिकारी हरुलाई निर्देशन समेत दिनु भएको छ ।

त्यसैगरी उहाँले विकास बोर्डलाई चाहिने आवश्यक कर्मचारीको व्यवस्थापन चाँडै गर्ने जानकारी गराउँदै आर्थिक मन्दि आए पनि प्रदेशका खेलकुद गतिविधिलाई प्रभावित हुन नदिने प्रतिवद्धता जनाउनु जहेर गरेका थिए ।

खेलकुद क्षेत्रलाई कोशी प्रदेशकै पहिचानको रुपमा अगाडि बढाउन प्रदेश सरकार तयार रहेको बताउँदै झापाको कमल गाउँपालिकामा अवस्थित रङ्गशालालाई आदिवासी जनजाति रङ्गशालाको रुपमा निर्माण गर्न कोशी प्रदेश सरकारले काम सुरु गरिसकेको जानकारी गराउँदै कार्कीले भने 'नेपालको क्रिकेट खेलले ठूलो आशा जगाएको छ, मोरङको झापा वैजनाथपुर स्थित रङ्गशालालाई तीनवर्ष भित्र अन्तराष्ट्रिय स्तरको रङ्गशालाको रुपमा निर्माण सम्पन्न गर्ने गरी कोशी प्रदेश सरकारले काम अगाडि बढाउनेछ ।' मुख्यमन्त्रीकार्कीले कोशीप्रदेश सरकारले आगमी २/३ वर्ष भित्र खेलकुदको क्षेत्रमा सन्देश दिने गरी काम गर्ने दाबी गरेका थिए ।

कोशी प्रदेशका सामाजिक विकास मन्त्री बुद्धिकुमार राजभण्डारीले राष्ट्रिय स्तरका खेलाडीहरु राष्ट्रिय व्यक्तित्व भएकाले अनुशासनमा ध्यान दिनुपर्ने वताए । उक्त सम्मान

वांकी अन्तिम पेजमा...

डिभिजन वन कार्यालय, मोरङको
**अत्यन्तै जरुरी सूचना**

यस वर्षको सुख्खा मौसमको सुरुवात भइसकेको छ । वनलाई डढेलोबाट जोगाउन सम्बन्धित सबै सरोकारवाला, सर्वसाधारणमा निम्नानुसारका सावधानी अपनाउनु हुन अनुरोध छ ।

१) कृपया सलाई, लाइटर जस्ता आगो उत्पन्न गर्ने वस्तुहरु वन क्षेत्रमा जथाभावी प्रयोग नगरौं ।
२) वन क्षेत्र नजिक आगो नबालौं, आगो बालेको भए निभाएर मात्र छाडौं ।
३) वनमा डढेलो लागेको थाहा पाउनासाथ नजिकका वन कार्यालय, प्रहरी, स्थानीय तह तथा वन उपभोक्ता समूहहलाई सूचना दिऔं ।
४) डढेलो लागेको थाहा पाएमा आवश्यक सहयोग जुटाई नियन्त्रण गरौं ।
५) वन डढेलो लगाउने व्यक्तिहरुलाई पहिचन गरी कानुनी दण्ड सजाय गराउने कार्यमा सहयोग गरौं ।

**डिभिजन वन कार्यालय, मोरङ**
सम्पर्क : ९८५२०२६६१४, ९८५२०८१११०

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## हिमालले...

फाउण्डेशनको बेजोड कार्यको प्रशंसा गरिन् । पूर्व मन्त्री गुरुङले नेपाल र नेपालीको तर्फबाट इटालियन नेशनल पार्कलाई धन्यवाद ज्ञापन गर्दै खुसी व्यक्त गरे । उनले भने 'फुर्वा र मेरो, हामी दुवैको घर गौरीशङ्कर गाउँपालिका हो । वहाँको मेहनत र सफलताले हामीले वहाँलाई रोल्वालिङ गाउँको हिउँचितुवाकै रूपमा चिन्नुपर्छ । फुर्वालाई इटाली सरकारले गरेको यो सम्मान हामी नेपालीहरूको निम्ति सम्पत्ति हो ।'

फाउण्डेसनका संस्थापक निर्देशक निर्मल श्रेष्ठले फुर्वाको सफलतामा देशले नै गर्व गर्नुपर्ने बताए । 'यसले शेर्पा जातिको मात्र नभएर नेपालकै नाम उचो बनाएको छ ।' उनले भने । फाउण्डेसनका सञ्चालन निर्देशक अनुप कुमार बरालले फुर्वाले सानो उमेरमा नै देशको लागि महत्त्वपूर्ण योगदान दिएको र उल्लेखनीय कार्य गरेको बताए । त्यस्तै, फाउण्डेसनकी राष्ट्रिय-अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशक सुनिता दुलालले फुर्वाको यो सफलता नेपाल र शेर्पा जातिको अदम्य साहस, बहादुरी र पहिचानलाई अन्तर्राष्ट्रिय जगतसँग जोडने सेतु बन्ने बताइन ।

'मैले जत्ति पनि काम गरें, केही रेकर्ड राख्छु वा केही पुरस्कार पाउँछु भनेर गरिनँ । साँच्चै भन्दा कहिल्यै त्यस्तो सोच पनि आएन । हिमाल चढ्नु सुरुमा बाध्यता थियो, त्यसपछि आवश्यकता र अहिले पेसा बन्यो । एकोहोरो आफ्नो काम गरिरहँदा यसरी समय समयमा अप्रत्याशित-अनपेक्षित फल पाउँदा साह्रै भाग्यमानी महसुस हुन्छ र अझै राम्रो काम गर्छु भन्ने जोस आउँदो रहेछ ।' नवनियुक्त सद्भावना दूत शेर्पाले खुसी व्यक्त गरे ।

सद्भावना दूतका रूपमा शेर्पाले पार्क प्राधिकरण मार्फत संस्थागत रूपमा नेपालको भौगोलिक, सांस्कृतिक, प्राकृतिक तथा धार्मिक विविधताको प्रवर्द्धन गर्न इटाली तथा युरोपमा थप भिजिबिलिटी प्राप्त गर्नेछन् । साथै, सद्भावना दूत भएसँगै शेर्पा, पर्यावरण तथा वातावरण सम्बन्धी अध्ययन गर्ने विश्व वैज्ञानिक समुदायको एक हिस्सा बन्नेछन् । यसले सिङ्गो नेपालकै पर्यटन प्रवर्द्धन र हिमाली पर्यावरण र वातावरणको संरक्षणमा बलियो टेवा मिल्नेछ । सद्भावना दूतका रूपमा शेर्पाले ग्रान सासो एण्ड मोन्टी डेला लागा नेशनल पार्क र नेपालका राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रहरुबीच सहकार्य गरी हरित गृह प्रभाव (ग्लोबर वार्मिङ) को अध्ययन अनुसन्धानजस्ता महत्त्वपूर्ण कार्य गर्न सम्पर्क स्रोतको भूमिका निर्वाह गर्नेछन् ।

शेर्पाले हालसम्म १५ पटक सफल सगरमाथा आरोहण गरिसकेका छन् । ड्रिमंश डेन्टिनेशन ट्रेक्स एण्ड एक्सपिडिशन प्रा.लि. का सञ्चालक उनी विगत दुई दशकदेखि पर्वतारोहण क्षेत्रमा कार्यरत छन् । कम उमेरमा धेरै पटक सगरमाथा आरोहण गर्ने आरोहीका रूपमा ख्याति कमाएका उनी यसअघि युवा प्रतिभा पुरस्कारबाट सम्मानित भएका थिए । एकै परिवारका आठ जना र चार दाजुभाइ एकै पटक सगरमाथा आरोहण गरेको उनको परिवारलाई गिनिज बुक अफ वर्ल्ड रेकर्डस्ले ३ विश्व कीर्तिमानको उपाधि प्रदान गरेको छ ।

कार्यक्रममा रोल्वालिङ गाउँ र सगरमाथा क्षेत्र जोड्ने नेपालकै सुन्दर र विकट टासीलाप्चा पासमा सन् २०१७ र सन् २०१९ मा स्टिल केबलको बाटो भिया फराटा निर्माण गरेबापत एक्स्प्लोरा नुनाट इन्टरनेशनलका सबै सदस्यहरूलाई सम्मान समेत गरिएको थियो । साथै, रोल्वालिङस्थित बेदिङ स्कुलका निम्ति ७ थान ल्यापटप फाउण्डेशनका संस्थापक निर्देशक निर्मल श्रेष्ठलाई हस्तान्तरण गरिएको थियो ।

## भ्रम र...

प्रकारका भेदभाव दण्डनीय हुन्छ । यस्तो भेदभाव र विभेदको समूल अन्त्य गरी सद्भावपूर्ण समाज निर्माणमा लाग्नुपर्छ ।

नारी-पुरुष एकअर्काका सहयात्री र सहयोगी हुन् । दुवैको अस्तित्व स्वीकार गर्दै सहयात्राका साथ अघि बढ्नुपर्छ । जहाँ महिलाको सम्मान हुन्छ, त्यही समाज अग्रगामी हुन्छ । त्यही समाज समृद्ध अनि प्रगतिशील हुनेछ । त्यसकारण सबै प्रकारका विभेदजन्य व्यवहारको अन्त्य नै समृद्ध समाज निर्माणको आधार हो । जसका लागि सबैभन्दा पहिले यो समाजलाई भ्रम र अन्धविश्वासबाट मुक्त गर्न जरूरी छ । अनलाईनवाट

## चोरीको...

चोरीको मोटरसाईकल सहित पक्राउ परेका तीनै जनाको सम्मानित मोरङ जिल्ला अदालतबाट चोरी कसूरमा म्याद थप गरी थप अनुसन्धान भईरहेको छ ।

## मिशन ग्रास...

गरिरहेका छौं,' नेता नेपालले भने, 'हरेक वडाका करिब ३५ जनाका दरले नगर भरका ३ सय भन्दा बढी ज्येष्ठ नागरिकलाई सम्मान गर्छौं ।'

ज्येष्ठ नागरिकहरुलाई एमाले नेताहरुले सम्मान पत्र र दोसल्ला ओढाएर सम्मानित गर्ने गरेका छन् । एमालेले फागुन ५ गतेबाट देशभर सुरु गरेको मिसन ग्रासरुट अभियान बैशाख ५ गतेसम्म सञ्चालन हुदैछ ।

पार्टी सुदृढिकरण तथा विस्तारका लागि टोल, वडा र पालिका केन्द्रित अभियान सञ्चालन भइरहेको एमाले धनकुटा अध्यक्ष इन्द्रमणी पराजुलीले जानकारी दिए ।

## अखिल...

किरण देवी गुप्ता, प्रदिप महतो, रामबाबु चौरसिया, राजेश सिंह कुर्मी, बिनिता ठाकुर, सुनिल यादव, ककुल्ती कुमारी साह, प्रेम किसोर महतो, सुरेश यादव, निर्जला देवी, प्रतिभा साह, बिष्णुकान्त महतो, रामबिलास राय, संतोषी साह, डिलकुमारी मुखिया, राजराम साह रहेको महासचिव जय प्रकाश महतोले जानकारी गराए ।

बन्द सत्रमा अध्यक्ष मण्डलका सदस्यहरु राजकुमार गुप्ता, अरबिन्द सिंह, रचना खडका र जिल्ला सदस्य शिवजि गुप्ता लगायत निवार्चन कमिटीका बिजय सुब्बा र लेखा आयोगका पुष्प कंडेलके सक्रिय सहभागिता रहेको थियो ।

महाधिवेशनमा पार्टीको केन्द्रीय सचिव एवं पुर्व उपप्रधानमन्त्री मन्त्री एवं माननीय संघ सांसद कमरेड रधुविर महासेठ, जनसंगठन समन्वय संयन्त्रको संयोजक, स्थायी कमिटी सदस्य एवं पुर्व मन्त्री कमरेड भानुभक्त ढकाल, केन्द्रीय सदस्य एवं सह संयोजक कमरेड रचना खड्का, लेखा आयोगको अध्यक्ष डा. कमरेड पुष्प कडेल, लगायत सहभागीताले महाधिवेशनलाई सहज र सरल बनाई दिनु भएकोमा महासचिव जय प्रकाश महतोले हार्दिक धन्यवाद तथा अभार समेत व्यक्त गरेको थियो ।

## कोशी...

कार्यक्रम कोशीप्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको आयोजना र प्रदेश खेलकुद विकास बोर्डको संयोजनमा सम्पन्न भएको थियो ।

कार्यक्रममा विभिन्न विधाका पदक विजेताहरु ललित राजवंशी र दीपेश कँडेल एक लाख ११ हजार १११, सञ्जय राई ३० हजार, प्रिय राईलाई एक लाख नगद डेनिका राईलाई २५ हजार, सागर यादव १५ हजार, निमाजि सीलाई १५ हजार, अंशु मण्डल, रंजु चौधरी र पूजा चौधरीलाई पाँच-पाँच हजार नगद सहित सम्मान गरिएको थियो ।




सचेत रही ग्यासको प्रयोग गरौं,
दुर्घटनावाट बचौं ।

- ग्याँस चुलो बालेर भान्सा छाडी टाढा नजाऔं ।
- प्रयोग गरी सकेपछि ग्यासको चुलो र रेगुलेटर बन्द गरौ ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठा भन्दा बाहिर राखौं ।
- ग्यास सिलिण्डर र पाईप समय समयमा जाँच गरौ । कुनै खराबी वा टुटफुट भए तुरुन्छ फेरौं ।
- ग्याँस सिलिण्डर लिँदा सिल भए, नभएको तथा सिलिण्डरको समयवधि अनिवार्य रुपमा हेर्नो गरौं ।
- तौल कम भएको धेरै गन्हाउने(लिक भएको शंकासपद) सिलिण्डर घरमा नल्याऔं ।
- ग्यास गन्हाएको वेला विजुलीका स्वीच, सलाई, लाईटरको प्रयोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पानीजन्य रोग र सरसफाइको कमजोरअवस्थाबाट बच्न निम्न क्रियाकलाप अवलम्बन गर्न हार्दिक अनुरोध गर्दछौं ।

- सुरक्षित पानी पिऊ यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका घरेलु विधि : उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने आदि विधि प्रयोग गरी मात्र पानी पिऊ ।
- चर्पीको नियमित प्रयोग गरौ, गराऔं र चर्मी नियमित सफा राखौं ।
- ताजा, सफा र राम्ररी पकाएरका खानेकुरा खाऔं ।
- दिसा गएपछि, बच्चाको दिसा धोएपछि खाना पकाउनु खानु अगाडि र खाना खाएपछि फोहोर छोएपछि साबुन पानीले हात धौऔं एवं धुन लगाऔं ।
- खोक्दा, हाछ्यू गर्दा कुहिनाले वा टिस्यु पेपरले नाक, मुख छोपौं, आवश्यक रुपमा नाक मुख, आँखा वा अनुहारलार्य हातले नछौऔ ।
- कुहिने तथा नकुहिने फोहोरलाई बर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं । घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं । खाने पानीका स्रोत पोखरी, ताल, तलैया, नदी, समुदायिक वातावरण सफा राखौं ।

खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना
विराटनगर, मोरंग, कोशी प्रदेश

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पूर्वाञ्चल निर्मल जल उद्योग
विराटनगर-८ शान्ति चौक

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मेरिल्याण्ड कलेज परिवार
रंगेली रोड, विराटनगर

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# विराटनगरको साख जोगाऔं

*नेपालको दोस्रो शहरको रुपमा चिनिएको विराटनगर शहर ओरालो लाग्दै अहिले छैठो स्थानमा पुगेको छ । विराटनगर शहर निरन्तर पछि पर्नुमा कुनै एकपक्ष मात्र दोषी रहको छैन । यसकोजिम्मेवारी हामी सवै नगरवासी लिनुपर्छ । फेरी पनि पुरानै साखमा ल्याउन पनि हामी आमनगरवासीले एकवद्ध भएर लाग्नु पर्छ । विराटनगर महानगरपालिका जनप्रतिनिधीहरुले विराटनगर बजारलाई सौन्दरीकरण गर्नेको लागि बजार एरियामा नो पार्किंग लागु गरेको थियो । नो पार्किंगको विरोधमा मुख्य बजारका सडक छेउमा रहेका व्यपारीहरुले नो पार्किंगको विरोध गरेपछि एक साता देखि विराटनगर बजारमा नो पार्किंग र नो पार्किंगको विरोध गर्ने व्यपारीहरु वीच जुहारी नै चलेको थियो । जसका कारण अहिले विराटनगर महानगरपालिकाले नो पार्किंगको निर्णयलाई स्थगीत गर्न वाध्य भएको छ ।*

*महानगरपालिकाका जनप्रतिनिधीहरुले आमनगर वासीसंग कुनै छलफल नै नगरी नगर बस चलाउने नाममा सडक खाली गराउने निर्णय गर्दा असमझदारी बढेको हो । त्यही कुरालाई आम नगरवासीमा छलफल गरी सुझाव संकलन गरी लागु गरेको भए नगरपालिका र व्यपारी वीच द्धन्द्ध हुदैन थियो । मुख्य बजारमा नो पार्किक लगाउन आवश्यक छ । व्यपारीहरुले पनि आफ्नो व्यपार संचालन गरेपछि ग्राहक वर्गको लाग पार्किंगका व्यवस्था समेत गर्नु पर्छ । मुख्य बजारमा रहको सरकारी, अर्ध सरकारी लगायत ठूला-ठूला व्यपारीहरुले समेत आफ्नो पार्किंगको व्यवस्था नगरी आम नगरवासीलाई दुःख दिने काम गरको छ । ती सम्वद्ध कार्यालयहरुलाई अग्रिम सूचना दिई पार्किंगको व्यवस्था गर्नु लगाउनु पर्छ ।*

*यी सवै योजनाहरुको वारेमा पादर्शी ढगवाट जानकारी गराउँदै उचित समय दिएर मात्र कुनै नियम लगाउनु पर्छ । पार्किंगका उचित विकल्पको खोजी गरीमात्र बजारमा नो पार्किक लगाउनु पर्छ । महानगरपालिकाले नगर प्रहरी वल थपेर जनताकै कर तिरको पैसा खुवाएर जनतासंग जुद्धन लगाएर द्धन्द्ध फैलाउने काम वन्दगरी सरोकारवाला संग छलफल गरी अगाडी बढ्नु पर्छ । शहरमाथि शासन होइन व्यवस्थापन गर्दै सम्पुर्ण नगरवासी अगाडी वढौ विराटनगरलाई पुरानै साखमा फर्काउन सवै एक जुट हौऔं ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# भ्रम र अन्धविश्वासमा बाँचेको समाज

**भाषा पोखरेल**

प्रसंग सुरु गरौं एउटा ताजा घटनाबाट । करिब दुई साताअघि लुम्बिनी प्रदेशको रूपन्देही जिल्लास्थित सैनामैना नगरपालिका मा एउटी बिरामी नाबालिका किशोरीलाई निको पार्ने निहुँमा कथित माताले कुटपिटसहित झारफुक गर्दा त्यो अत्याचारबाट बालिकाको मृत्यु भएको घटना सार्वजनिक भयो ।

तथापि सञ्चारमाध्यमहरूमा उक्त घटनाको फेहरिस्त भने सार्वजनिक भएन । झण्डै दुई वर्षअघि काठमाडौंमा पनि यस्तै घटना घटेको सार्वजनिक भएको थियो । यी त भए, केही सार्वजनिक भएका घटना । यस्ता अनगिन्ती हिंसाजन्य घटना समाजमा घट्दै आएका छन् तर, त्यसलाई लुकाएरै राखिने गरेको छ ।

समाजमा यसो चियोचर्चो गर्ने हो भने हामी आफ्नै मान्छेलाई आरोप लगाएर सत्तोसराप गर्दै हिंडिरहेका मानिस पनि भेट्छौं । यो कुरीति र अन्धविश्वासको जाँतोमा धेरै निमुखा मानिस पिसिनु परेको छ । मान्छे यतिसम्म अन्ध हुन्छ कि मानव बलिले रोग निको हुन्छ भन्यो भने बलि चढाउन पनि तम्तयार हुन खोज्छ ।

उसले यत्ति पनि सोच्दैन कि कुनै मान्छेलाई रिस उठेर कसैलाई बिमारी बनाउने र कसैलाई प्रताडित गरेर कुनै रोग निको पार्ने वा भूतप्रेत मन्साउने अलौकिक शक्ति कसैसँग हुँदैन । यदि त्यसो हुन्थ्यो त कसैले दिएको श्राप लागेर कोही अन्धकार जिन्दगी जिउँथे त कोही आशिष्ले लाखौं वर्ष बाँच्ने अजम्बरी नै बन्थे ! तर, जीवन व्यवहारमा त्यस्तो हुँदैन ।

तथापि मानिसहरू अन्ध विश्वास को भ्रममै बाँचेका हुन्छन् र यसले मान्छेलाई धेरै हदसम्म प्रभावित पारेको हन्छ । चिकित्सा विज्ञानले निको पार्न नसकेको रोग कुनै धामी-झाँक्री वा कथित माता र गुरुहरूले ठिक पार्न सक्छन् भन्ने अन्धविश्वासको जरो अलौकिकता हो । जब समाजको बाँच्ने आधार अलौकिक शक्ति बनिदिन्छ, समाज यस्तै अन्ध विश्वासको शिकार बन्न पुग्छ ।

जब समाजले प्रकृतिको रहस्यलाई अलौकिक शक्तिको रूपमा ग्रहण गर्छ, त्यहाँ भूतप्रेत, देवता, राक्षस, बोक्सी आदिको कथा, कहानीहरू खुबै चल्छन् । अनि समाजले खुल्लमखुला धामीझाँक्री तथा बोक्सी, पिचास आदिको रूपमा कुरीतिहरू अँगाल्न पुग्छ । समाज शिक्षित हुँदै गर्दा, चेतनाको बिरुवा अंकुराउँदै गर्दा यस्ता कुरीति र रुढिवादी अन्धविश्वास पनि घट्दै जानुपर्ने हो । तर, त्यसो हुनसकेको छैन ।

बोक्सीको नाममा कुटपिट गरी विभिन्न स्थानमा मान्छे मारिएका समाचार नआउनुपर्ने हो । तर, यी सबै भ्रम हुन् । यी सबै शोषण र उत्पीडनका हतियार हुन् । यी सबै हिंसाका आधुनिक स्वरूप हुन् । महिला हिंसाका अवशेष हुन् । अमानवीय हर्कतका नमूना हुन् ।

आधुनिक सभ्य कहलिएको समाजमा पनि यस किसिमका कुरीतिहरू यद्यापि कायमै छन् । हिजोभन्दा आजको समाज सकारात्मक रूपले विकास तथा परिवर्तनको दिशातर्फ उन्मुख हुनुपर्ने अवस्थामा झनै नमिठो कुरीतिको लतमा फस्दै गएको देखिन्छ । अनि संस्कृति, परम्परा र प्रचलनका नाउँमा त्यस्ता कुरीतिहरूले जरा गाड्दैछन् ।

हाम्रो समाजमा रुढिवादी मूल्य-मान्यता, चलन, परम्परा एवं अन्धविश्वासको जग खोतल्दै जाने हो भने विगतका कालखण्डमा शिक्षा र चेतनाको अभावका कारण त्यस्ता मान्यताहरू समाजमा स्थापित भएका थिए । तर, आजको यो विज्ञान, प्रविधि र चेतनाको युगमा पनि त्यस्तै रुढिवादी मान्यताले स्थान पाउनु भने आफैंमा दुःखद कुरा हो ।

आजका दिनमा शिक्षित र चेतनशील भनिने व्यक्तिहरूले पनि संस्कार र परम्पराको नाउँमा त्यस किसिमका कुरीति र कुसंस्कारलाई अवलम्बन गरेका छन् । अझ परम्पराको नाउँमा अँगाल्ने कुरीति निकै हानिकारक देखिन्छ । आज शिक्षाको हिसाबमा मानिसहरू बौद्धिक कहलिए पनि मान्छेको सोचमा भने कुनै सकारात्मक बदलाव आएको छैन ।

मानिसको मस्तिष्कमा सकारात्मक बदलाव त त्यतिखेर आउनेछ, जुनबेला मानिसको चेतनामा सकारात्मक कुराको बीजारोपण हुनेछ । तर, त्यो सकारात्मक चेतको विकास हुन नसक्नु नै अहिलेको दुर्भाग्य हो ।

परिणामस्वरूप परम्परा, संस्कार र संस्कृतिको नाउँमा हुने विभेद र उत्पीडनको भागीदार पनि महिला नै हुनुपरेको छ । यो समाजमा महिला भएर बाँच्न निकै कठिन छ । एकल महिला वा समाजमा अपहेलित महिलाको अर्को नाम नै 'बोक्सी' हुने गरेको छ ।

आफूलाई अलौकिक शक्ति धारण गरेको फुईं लगाएर उत्पीडनलाई बढावा दिने कथित गुरु वा माताले आफूलाई जीवित भगवान ठान्ने अनि तिनै दुःखी र असहाय निरीह महिलाहरूलाई बोक्सीको आरोप लगाएर हिंसा गर्ने गर्दछन् । तर कहीं कतै पनि कुनै पुरुषले यी र यस्ता आरोपहरूको सामना गर्नुपर्ने अवस्था हालसम्म निर्माण भएको छैन । अनि निर्ममतापूर्वक महिलालाई विभिन्न आरोपमा दुःख दिइरहेका हुन्छन् ।

कथित महिला माताले पनि महिलालाई नै बोक्सी अनि पिचासको आरोप लगाउँदछन् । कुनै पनि पुरुषले यी र यस्ता जघन्य आरोप भोग्नुपर्दैन । उनीहरूले त्यस किसिमको उपमा प्राप्त गर्नुपर्ने अवस्था आउँदैन । आखिर किन ? किन यो समाजले महिलालाई यस्तो कमजोर स्थितिमा पुऱ्याउँछ ?

पुरुषले आरोप लगाउँदा पुरुष मानसिकताको उपज हो भन्न सकिन्थ्यो । तर, महिला माता हरूले नै विभिन्न महिलालाई विभिन्न प्रकारका आरोपमा आरोपित गराई सत्तोसराप गरेको देख्दा-सुन्दा भने अचम्म लाग्छ । जसले पनि महिलालाई नै खराब देख्ने, महिलालाई नै हिंसा गर्ने, महिलालाई नै शोषण गर्ने किन ?

के यो समाजको कुरीति र कुसंस्कारको भागीदार चैं महिला नै बन्नुपर्ने हो ? बोक्सी, पिचास जस्ता अनेकन् खराब विशेषण धारण महिलाले नै गर्नुपर्ने ? अनि समाजमा कथित माता तथा गुरुहरूले दैविक शक्ति प्राप्त गरी के-कस्ता सकारात्मक पहल गरे ?

डाक्टरले निको पार्न नसकेको कसको कुन रोग निको भयो ? समाजलाई खराब चिन्तन र व्यवहारबाट टाढा राख्ने के पहल गरे ? सबैलाई असल बनाउन कसले छेक्यो ? त्यही अलौकिक शक्ति प्रयोग गरी समाज किन नसुधारेको ?

पीडितलाई थप पीडा दिन, दुःख र कष्ट थपिदिन बाहेक ती कथित माता र गुरुहरूले कुनै काम गरेका छैनन् । यदि तिनको प्रभावले काम गर्दथ्यो भने यत्रो मेडिकल शिक्षाकै जरूरी हुने थिएन । भगवान भरोसामा रोग निको हुनुपर्थ्यो । अनि किन खर्चिनुपर्ने उपचारका लागि अस्पतालमा लाखौं लाख ? कुनै एउटा बन्द कोठामा झारफुक गरेर मात्रै निको भइरहनुपर्ने ?

कुसंस्कार र कुरीतिजन्य व्यवहार छाड्दै सुसंस्कारजन्य व्यवहार अँगाल्नुपर्छ । विभिन्न बहानामा हुने लैंगिक, जातीय वा सबै प्रकारका भेदभाव दण्डनीय हुन्छ । यस्तो भेदभाव र विभेदको समूल अन्त्य गरी सद्भावपूर्ण समाज निर्माणमा लाग्नुपर्छ ।

बोक्सीको नाममा कुटपिट गरी विभिन्न स्थानमा मान्छे मारिएका समाचार नआउनुपर्ने हो । तर, यी सबै भ्रम हुन् । यी सबै शोषण र उत्पीडनका हतियार हुन् । यी सबै हिंसाका आधुनिक स्वरूप हुन् । महिला हिंसाका अवशेष हुन् । अमानवीय हर्कतका नमूना हुन् ।

त्यसैले यी र यस्ता वाहियात् कुराहरूलाई अब दुत्कार्दै समतामूलक समाज निर्माण गर्नु जरूरी छ । परम्परा, संस्कार र संस्कृतिका नाममा विकृतिजन्य व्यवहार अवलम्बन गर्ने होइन । कुसंस्कार र कुरीतिजन्य व्यवहार छाड्दै सुसंस्कारजन्य व्यवहार अँगाल्नुपर्छ । विभिन्न बहानामा हुने लैंगिक, जातीय वा सबै

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारूणयन्त्र ४२००००
इटहरी बारूणयन्त्र ५८०१०१
धरान बारूणयन्त्र ५२०१९९
इनरुवा बारूणयन्त्र ५६०१०१
दमक बारूणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारूणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# मिसन ग्रास रुट : तीन सय जेष्ट नागरिकलाई सम्मान

धनकुटा, २० चैत । नेकपा एमालेको मिसन ग्रासरुट अभियान अन्तर्गत धनकुटाको महालक्ष्मी नगरपालिकामा ज्येष्ठ नागरिकहरुलाई सम्मान गरिएको छ । एमालेले महालक्ष्मी वडा नं.१, २, ८ र ९ नम्बर वडाका १४० ज्येष्ठ नागरिकलाई आइतबार सम्मान गरेको हो ।

महालक्ष्मी नगरपालिका वडा नं.१ र वडा नं.२ का ७० जना ज्येष्ठ नागरिकलाई कटहरेमा सम्मान गरिएको छ । त्यस्तै, वडा नं.८ र वडा नं.९ का ३५/३५ जना ज्येष्ठ नागरिकलाई निगालेमा सम्मान गरिएको छ । अन्य वडाका ज्येष्ठ नागरिकलाई पनि सम्मान गर्ने कार्यक्रम तय भएको छ ।

समाजमा योगदान गर्ने महालक्ष्मी नगर क्षेत्रका करिब ३ सय ज्येष्ठ नागरिकलाई सम्मान गरिने एमाले नेता एवं महालक्ष्मी नगरपालिकाका पूर्व नगर प्रमुख पर्शुराम नेपालले जानकारी दिए । 'ज्येष्ठ नागरिकहरुले समाजमा पुर्‍याएको योगदानको कदर गर्दै सम्मान

वांकी अन्तिम पेजमा...


## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

धनपालथान गाउँपालिकाको कार्यालय, कर्सिया
मोरंग, प्रदेश १


# हिमालले जोडेको साईनो : संघर्षपछिको सफलता



विराटनगर । कीर्तिमानी आरोही फुर्वा तेन्जिङ शेर्पालाई इटालीस्थित युरोपकै ठूलो राष्ट्रिय निकुञ्जले विश्वव्यापी सद्भावना दूत नियुक्त गरेको छ । वि विल राइज फाउण्डेशनद्वारा शनिबार आयोजित एक समारोहबीच 'ग्रान सासो एण्ड मोन्टी देल्ला लागा नेशनल पार्क' का अध्यक्ष तमासो नभारोले आरोही शेर्पालाई सो सम्बन्धी पत्र हस्तान्तरण गरेका हुन् । शेर्पा फाउण्डेशनका समेत सदभावना दूत तथा सदस्य हुन् । सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङ, के.पी. शर्मा ओली पत्नी राधिका शाक्य तथा बुढानीलकण्ठ नगर पालिकाकी उपमेयर अनिता लामालगायतको उपस्थितिमा शेर्पालाई पत्र हस्तान्तरण गरिएको हो । दोलखास्थित रोल्वालिङ गाउँमा जन्मेका शेर्पाको आरोहण क्षेत्रमा उपलब्धि, योगदान र हिमालप्रतिको मायाको उच्च सम्मान स्वरूप उनलाई सद्भावना दूत नियुक्त गरिएको हो ।

'युरोपको ६०-७० प्रतिशत जैविक विविधताको खानीका रूपमा प्रसिद्ध ग्रान सासो एण्ड मोन्टी देल्ला नेशनल पार्क दुई हजार चौध वर्गमिटरमा फैलिएको छ । यो युरोपका सबैभन्दा ठूला राष्ट्रिय निकुञ्जमध्येको एक हो, जहाँ इटालीको सबैभन्दा अग्लो हिमाल ग्रान सासो अवस्थित छ । फुर्वासँगको हाम्रो हिमाली साइनो हो । सन् २०१५ को महाभूकम्पपछि फुर्वा 'भिजिट नेपाल टु हेल्प नेपाल' अभियानका सिलसिलामा वहाँ इटालीमा आउनुभएको थियो, त्यहीँबाट हाम्रो सहकार्यको शुभारम्भ भयो।' अध्यक्ष नभारोले भने, 'डाभिडे तथा एक्स्प्लोरा नुनाट इन्टरनेशनल सँगको सहकार्यमा फुर्वाले रोल्वालिङ र सगरमाथालाई जोड्ने टासीलाप्चा पासमा भिया फराटा निर्माण गरी पर्यटन पूर्वाधारको नमुना स्थापित गर्नुभयो । उच्च हिमाली क्षेत्र रोल्वालिङमा न्यून अक्सिजन भएको वातावरणमा पनि अनुकूलन भएका शेर्पा समुदाय तथा हिमाली जनावरहरूको वैज्ञानिक अध्ययन अन्वेषण गर्नुभयो । सबैभन्दा महत्त्वपूर्ण पक्ष हिमाली पर्यावरणको संरक्षण गर्न तथा जनचेतना जगाउन हिमाली आवाज बनिरहनुभयो । आफ्नो गाउँ ठाउँ र हिमाललाई यस्तरी माया गर्ने वहाँलाई सद्भावना दूतका रूपमा पाउनु हाम्रा निम्ति गर्वको कुरा हो ।'

ग्रान सासोका राजदूत तथा एक्स्प्लोरा नुनाट इन्टरनेशनलका अध्यक्ष डाभिडे पेलुज्जीले नेपाल आउँदा घरमा आए जस्तो महसुस हुने गरेको बताए। 'फुर्वा र रोल्वालिङ बासीसँग मित्रता गाँसेको १२ वर्ष भयो । जतिपटक नेपाल आउँदा पनि आफ्नै घरमा आए जस्तो महसुस हुन्छ । म सबै नेपालीहरूलाई यस आत्मीयता तथा सौहार्दताका निम्ति धन्यवाद दिन चाहन्छु । फुर्वा सद्भावना दूत हुनुले यो माया, मित्रता तथा भातृत्व अझै प्रगाढ बन्नेछ ।'

'दोलखाको विकट गाउँको हिमाली छोरो फुर्वा, देशको गौरवलाई इटाली सरकाले गरेको यस सम्मानले आफ्नो कामप्रति दत्तचित्त भएर बहुजन हित र सुखका निम्ति समर्पित रहने हो भने देशभित्रै पनि केही गर्न सकिन्छ भन्ने सुन्दर नमुना प्रस्तुत गरेको छ ।' उपमेयर अनिता लामाले भनिन्, साथै उनले इटालीका अतिथिहरूलाई शिवपुरी राष्ट्रिय निकुञ्जको प्रवेशद्वार, प्राकृतिक , सांस्कृतिक तथा धार्मिक सम्पदाले सजिएको बुढानीलकण्ठ नगरपालिका घुम्न आमन्त्रण समेत गरिन् ।

के.पी. ओली पत्नी शाक्यले इमानदार, साहसी र सोझो फुर्वा तेन्जिङ शेर्पाजस्ता प्रतिभाहरू देशैभरि रहेको तथा त्यस्ता लुकेर रहेका प्रतिभालाई खोज्ने, संरक्षण गर्ने र नेपालको गर्व बनाउने

वांकी अन्तिम पेजमा...


## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नरेश राठी
उद्योगी व्यवसायी

## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजन खत्री (प्रमुख)
विराट हेल्थ कलेज विराटनगर

## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विविक मालपानी
उद्योगी व्यवसायी

## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नन्द किशोर राठी
उद्योगी व्यवसायी

## चोरीको आरोपमा तीन पक्राउ

विराटनगर । मोरङको बिराटनगर महानगरपालिका-७ स्थितबाट मोटरसाईकल चोरीमा संलग्न रहेका तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा देवान्गाजन गाउँपालिका-३ सुनसरीका १८ बर्षीय राजकुमार यादव, भारत अररिया लक्ष्मीपुरका २५ बर्षीय सुशिल कुमार यादन र भारत पोसदाह पंचायतका २५ बर्षीय शौरभ कुमार यादव रहेका छन ।

गत फाल्गुन १० गते बिराटनगर-७ स्थित सडक साईडमा पार्किङ गरी राखेको बेलबारी-४ का बम बहादुर खवासको नाममा रहेको को.२५ प १९४५ नम्वरको मोटर साईकल चोरी गरी भारतीय नम्बर बीआर ३५८०२ लेखी चलाउदै गरेको अवस्थामा साथै आवश्यक कागजात नभएका द्यच्घडत्तडटछट र बीआर ३८ टी ००२१ नम्बरको भारतीय नम्बर प्लेट भएका मोटर साईकल सहित उनिहरुलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले मंगलबार पक्राउ गरेको थियो ।

वांकी अन्तिम पेजमा...


## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख बिरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लागि आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १


## पछिल्लो चुनावयताको लुकामारीले मधेशमा उपेन्द्र यादव र सीके राउत बीच प्रतिस्पर्धाको लडाई

काठमाडौं । जनमत पार्टीका अध्यक्ष सीके राउत पाँच दिनयता बारामा छन् । बारा क्षेत्र नम्बर २ मा उम्मेदवार बनाउन शिवचन्द्र कुशवाहालाई पार्टी प्रवेश गराएर मधेश झरेका उनी बिहानदेखि साँझसम्म घरदैलोमा व्यस्त हुन्छन् ।

राउत गढीमाईस्थित पार्टी कार्यालयमै बास बस्छन् । जनमतका प्रवक्ता बीपी साहका अनुसार हरेक दिन बिहान उठेर अगुवा कार्यकर्तालाई अघि लगाउँदै घरदैलो थाल्छन् । कति ठाउँ उनको साथमा उम्मेदवार कुशवाहा हुन्छन्, कतिपय बेला हुन्नन् ।

दिनभर घरदैलो गरेर राउत साँझ पार्टी कार्यालयमै फर्किन्छन्, जहाँ वडा इन्चार्ज तथा अगुवा कार्यकर्ता गरी १००-१५० का लागि मेसमा खाना पाकेको हुन्छ । राउत पनि त्यही खाना खान्छन् र पार्टी कार्यालयमै सुत्छन् । साह भन्छन्, 'कुनै आकस्मिक काम पर्‍यो भने हो, नभए चुनाव सकेर मात्र फर्किनुहुन्छ होला ।'

घरदैलोका क्रममा पनि राउत चर्को भाषण गर्छन् । बारा-२ मा जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादव सहित २४ जना उम्मेदवार चुनावी मैदानमा छन् । तर सीके राउत, उपेन्द्रमाथि निशाना साध्छन्, 'जहरिला साँप', 'बाहिरिया फिरंगी', 'भगौडा' जस्ता उपनाम दिएर आलोचना गर्छन् ।

मधेश आन्दोलनको इतिहास माथि 'ब्ल्याकआउट' पुस्तक लेखेका रामरिझन यादव मधेशमा उपेन्द्रको वर्चस्व तोडेर आफू हावी हुन राउत अग्रसर रहेको बताउँछन् । 'जसको पक्षमा जनमत छ, त्यसको आलोचना नगरी कमजोरी नऔंल्याई आफू बलियो हुन सकिन्न' उनी भन्छन्, 'त्यसैले, मधेश राजनीतिमा उपेन्द्र यादवको शक्ति पहिचान गरेदेखि नै राउत उनको कमजोरी खोतल्न लागेका हुन् ।'

सीकेले आफूबारे गरेको टिप्पणीबारे उपेन्द्रले धेरै बोलेका छैनन् । २० गते उम्मेदवारी दर्तापछि सञ्चारकर्मीहरूले सोधेको प्रश्नमा यत्ति भने, 'म झन्डा उठाएर मूल बाटोबाटै आइरहेको छु । नेपालको नागरिकलाई बाहिरिया भन्न पाइँदैन ।'

राउतबाट निरन्तर आलोचना खेपिरहेका जसपा अध्यक्ष यादवको यो नै एक मात्र जवाफ हो । ४ मंसिरको प्रतिनिधिसभा निर्वाचन मा सप्तरी-२ मा राउतले नै यादवलाई दोब्बर मतान्तरले हराएका थिए । १० वैशाखमा हुने उपचुनावमा यादवसँग जनमतका कुशवाहा उम्मेदवार हुन्, प्रतिस्पर्धा भने राउत आफैंले गर्दैछन् ।

यादव जे खोज्छन्, राउत त्यही रोज्छन्

पछिल्लो चुनावयताको लुकामारीले मधेश राजनीतिमा उपेन्द्र यादव र सीके राउतको प्रतिस्पर्धा देखाउँछ ।

२०४८ सालमा पहिलो पटक नेकपा एमालेको तर्फबाट सुनसरीमा उठेका यादव गिरिजाप्रसाद कोइरालासँग पराजित भएका थिए । २०५१ सालको आम निर्वाचनमा पनि सुनसरीबाटै लडेर पराजित भएका उनी २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा मोरङ-५ र सुनसरी-५ क्षेत्रबाट विजयी भएका थिए ।

२०७० सालको दोस्रो संविधानसभामा पनि दुवै क्षेत्रमा चुनाव लडेका उनी मोरङमा पराजित भए, सुनसरीमा जिते । २०७४ मा भने उनले सुनसरी छाडेर सप्तरी फर्किए र क्षेत्र २ बाट चुनाव लडे । यो पटक उपेन्द्र यादव पुरानै क्षेत्रमा चुनाव लड्ने-नलड्ने अलमल थियो । किनकि स्थानीय चुनावमा राम्रो नतिजा ल्याएको जनमत पार्टीका अध्यक्ष सीके राउत पनि त्यही क्षेत्रबाट उठ्न सक्थे ।

उम्मेदवारीको दुई दिनअघि पाँचदलीय गठबन्धन छाडेर एमालेसँग सहकार्य गरेपछि यादवले सप्तरी-२ नै रोजे । जनमत पार्टीका अध्यक्ष राउतले पनि यादवसँगै प्रतिस्पर्धा छेडे । ४ मंसिरको चुनावमा एमालेको समर्थनका बाबजुद यादव पराजित भए, दुई गठबन्धनसँग प्रतिस्पर्धा गरेका राउत भारी मतले विजयी भए ।

सत्ता राजनीतिमा पनि उपेन्द्र यादव र सीके राउतबीच प्रतिस्पर्धा चलेको देखिन्छ ।

मधेश प्रदेशसभामा एमालेले २३, कांग्रेसले २२ सिट जित्दा जसपाले १६ र जनमतले १३ सिट जित्यो । १० पुसमा एमाले, माओवादी सहित ७ दलको गठबन्धन बन्दा जसपा र जनमत दुवैले मधेश प्रदेशको मुख्यमन्त्री आफूले पाउनैपर्ने अडान राख्यो । आलोपालोमा सहमति भए पनि जसपाका सरोज यादव मुख्यमन्त्री बने ।

राष्ट्रपति निर्वाचनसँगै गठबन्धन फेरियो । माओवादीले १० दलको नयाँ गठबन्धन बनाएपछि संवैधानिक पदहरूको भागबण्डा हुँदा कांग्रेसले राष्ट्रपति लियो भने जसपाले उपराष्ट्रपति दाबी गर्‍यो । जसपाको दाबीमा गठबन्धनमा दलहरू कांग्रेस, माओवादी र एकीकृत समाजवादी सहमत भए, तर जनमतले साना दलहरूको समर्थन जुटाएर छुट्टै उम्मेदवार ममता झा) खडा गर्‍यो । नेताहरूका अनुसार हार्ने निश्चित प्रतिस्पर्धामा जनमतले छुट्टै उम्मेदवारी दिनुको एक मात्र उद्देश्य थियो, उपेन्द्र यादवलाई ललकार्नु ।

त्यसपछि सुरु भयो, उपनिर्वाचनको माहोल । जसरी पनि उपराष्ट्रपति लिनु र रामसहाय यादवलाई उम्मेदवार बनाउनुको पछाडि उपेन्द्र यादवको स्वार्थ थियो, बारा-२ मा उपचुनाव । गठबन्धनको बलमा उपचुनाव जित्ने र फेरि

वांकी ५ पेजमा...


## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०७९ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दिनबन्धु गोयल
उद्योगी व्यवसायी एवं समाज सेवी



## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०७९ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जुगल राठी
गोल्ड सिलभर मार्ट विराटनगर



## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०७९ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डि. ए. भी. स्कुल परिवार
रानी, विराटनगर



## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०७९ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वैद्य परमेश्वर मुर्मू
जगदम्बा जडीबुटी सेन्टर विराटनगर

# झापा र सुनसरीवाट लागुऔषध सहित पाँच पक्राउ

झापा । लागुऔषध ब्राउन सुगर सहित झापा र जिल्लाको विभिन्न ठाउँवाट पाँचजनालाई प्रहरीले पक्राउ गरका छन् ।

घटनाको विवरण अनुसार झापाको मेचीनगर नगरपालिका-६ मेची पुलबाट नियन्त्रीत लागुऔषध ब्राउनसुगर सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । लागुऔषध ओसार पसार भईरहेको भन्ने बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय काकडभिट्टा र लागुऔषध नियन्त्रण ब्युरो काकडबिट्टाबाट खटिएको प्रहरी टोलीले मे १० प ३८०७ नम्बरको स्कुटरमा भारतबाट नेपाल तर्फ आउँदै गरेका शिवसताक्षी नगरपालिका-१ का २४ बर्षीय प्रजन्त राई र नेपालगञ्ज उप-महानगरपालिका-६ घर भई बिर्तामोड-१ मा बस्दै आएका २१ बर्षीय सोहन भडेललाई ४ ग्राम लागुऔषध ब्राउनसुगर सहित मंगलवार दिउँसो पक्राउ गरेको थियो ।

त्यसैगरी झापा र सुनसरीका दुई छुट्टाछुट्टै स्थानबाट प्रहरीले लागुऔषध ब्राउनसुगर सहित ३ जनालाई पक्राउ गरेको छ । सुनसरीको ईटहरी उपमहानगर पालिका-४ मा रहेको एक चिया पसलबाट लागुऔषध ब्राउन सुगरको किनवेच भईरहेको भन्ने बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय ईटहरीबाट खटिएको प्रहरी टोलीले ईटहरी-९ का २३ बर्षीय बिनोद श्रेष्ठ र सुन्दरहरैचा नगरपालिका-६ मोरङका ३२ बर्षीय लक्ष्मी प्रसाद ढकाललाई ८ ग्राम लागुऔषध ब्राउनसुगर सहित बुधवार राती सवा ८ बजे पक्राउ गरेको हो । यसैगरी ईलाका प्रहरी कार्यालय काकडभिट्टा र लागुऔषध नियन्त्रण ब्युरो काकडभिट्टाबाट खटिएको प्रहरी टोलीले मेचीनगर-१० बाट स्थानीय २२ बर्षीय अशोक राजवंशीलाई १ ग्राम ब्राउनसुगर सहित बुधवार दिउँसो पक्राउ गरेको थियो ।

लागुऔषध सहित पक्राउ परेका पाँचैजनाको सम्बन्धमा सम्बन्धित कार्यालयको प्रहरीले थप अनुसन्धान गरिरहेका छन् ।

# फरार प्रतिवादी दश वर्षपछि पक्राउ

सुनसरी । ईलाका प्रहरी कार्यालय दुहबीले जबरजस्ती करणी मुद्धाका फरार प्रतिवादीलाई १० बर्ष पछी पक्राउ गरेको छ ।

जबरजस्ती करणी मुद्धामा सम्मानित जिल्ला अदालत सुनसरीको २०६९ बैशाख ३१ गतेको फैसला आदेशले १० बर्ष कैद सजाय फैसला भएका साबिक औरावनी गाउ बिकास समिति हालको गढी गाऊँपालिका-२ का ३५ बर्षीय बिटोसन भनिने बिमल कुमार चौधरीलाई चैत्र २० गते गाउँघरबाट नै पक्राउ गरेको थियो ।

पक्राउ परेका चौधरीलाई जिल्ला अदालत सुनसरीमा उपस्थित गराईएकोमा तोकिएको कैद सजाय भुक्तानको लागी झुम्का कारगार पठाएको छ ।

## पछिल्लो...

संसदमा आउने उपेन्द्रको दाउलाई बुझेका सीके राउतले उपनिर्वाचनको मिति तय नहुँदै उपराष्ट्रपति यादवको निर्वाचन क्षेत्रमा जनमतले उम्मेदवार उठाउने घोषणा गरे । अनि, मंसिरको चुनावमा बारा २ मा दोस्रो भएका माओवादी केन्द्रका शिवचन्द्र कुशवाहालाई पार्टी प्रवेश गराएर उम्मेदवार बनाएका छन् ।

अनि, उपेन्द्र यादवलाई कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र लोसपाको समर्थनका बावजुद राउत आफ्नो लक्ष्यमा डगमगाएका छैनन् । कतिसम्म भने बारा-२ मा जनमतको उम्मेदवारी रोक्ने शर्तमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले जनमतका अध्यक्ष राउतलाई उपप्रधानमन्त्री तथा उद्योगमन्त्री बन्न प्रस्ताव गरेका थिए । तर राउतले सरकार नै छाडेर चुनावी प्रतिस्पर्धा रोजेका छन् ।

मधेशको 'मसिहा' बन्ने राउतको आकांक्षा

उपेन्द्र यादव विरुद्ध हरहालतमा लड्नुको पछाडि सीके राउतको मधेशको 'मसिहा' बन्ने महत्वाकांक्षा स्पष्टै झल्किन्छ ।

'उनी सत्तामा आउजाउ गरिरहेका दलहरूप्रति मधेशमा रहेको असन्तुष्टि समातेर स्थापित हुन लागिपरेका छन् । मधेशको मसिहा बन्ने उनको ध्येय स्पष्टै छ', पूर्वराजदूत समेत रहेका मधेश मामिलाका जानकार विजयकान्त कर्ण भन्छन् ।

महन्थ ठाकुर नेतृत्वको लोसपा निकै कमजोर देखिएको छ । प्रत्यक्षतर्फ ४ सांसद जितेको उसले थ्रेसहोल्ड कटाउन सकेन र राष्ट्रिय पार्टीको मान्यता समेत पाएन । मधेश प्रदेशमै पनि लोसपा ९ सिटमा खुम्चिएको छ । अरू पार्टीहरू झन् कमजोर छन् ।

उपेन्द्र यादव पनि निरन्तर ओरालो लागेका छन् । तर क्षेत्रीय पार्टीमध्ये सबभन्दा बलियो जसपा नै भएकाले सीके राउतले उपेन्द्रलाई निशाना बनाएका हुन् । उपेन्द्रलाई आक्रमण गरियो भने त्यो स्थान आफूले लिन सकिन्छ भन्ने राउतलाई लागेकाले उनका कमजोरीलाई देखाउन उद्यत रहेको कर्ण बताउँछन् ।

मधेशमा राजनीतिक मसिहा बन्ने खिचातानी नयाँ भने होइन । २००७ सालको राजनीतिक परिवर्तनपछि वेदानन्द झा, २०४७ को बहुदलीय व्यवस्थापछि गजेन्द्रनारायण सिंह र २०६३/६४ को मधेश आन्दोलनपछि उपेन्द्र यादव उदाएका थिए ।

अहिले डा. सीके राउत आएका छन् । 'स्वतन्त्र मधेश'को नारा लगाएर राजनीतिक चर्चामा आएका राउत २४ फागुन २०७५ मा केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकारसँग 'संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल एक स्वतन्त्र, स्वाधीन, सार्वभौमसत्ता सम्पन्न अविभाज्य राष्ट्र हो भन्ने स्वीकार गर्दै' खुला राजनीतिमा आएका हुन् । लगत्तै उनले जनमत पार्टी गठन गरेर चुनावी तयारी थाले ।

४ मंसिरमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा थ्रेसहोल्ड कटाएर समानुपातिक तर्फ ५ सिट पाएको जनमत पार्टीका अध्यक्ष सिके राउतले प्रत्यक्ष चुनाव जिते । यो चुनावी सफलतासँगै उनी मधेशको शक्ति हत्याउने राजनीतिमा केन्द्रित भएको बताउँछन्, लेखक रामरिझन यादव । तर राउतको एजेण्डा र राजनीतिक बाटो भने अझै स्पष्ट भइनसकेको उनको विश्लेषण छ । 'राजनीति नै गर्ने चाहनाका साथ अमेरिकाबाट फर्किएको बताउँदै नयाँ प्रयोगका विषयहरू त उठाउँछन् तर त्यो नयाँ भनेको के हो र त्यसलाई कसरी हासिल गर्ने भन्ने स्पष्ट पार्न सकेका छैनन्', उनले भने ।

उनका अनुसार, उपेन्द्र यादव गजेन्द्रनारायण सिंहको संघीयता, संविधानसभा लगायत एजेन्डा बोक्दै विद्रोहको नेतृत्व गरेर मधेशको राजनीतिमा उदाएका थिए । त्यसमा सहमत पूर्वराजदूत कर्ण भन्छन्, 'माओवादीले उठाएको पहिचानको एजेण्डा र तत्कालीन मधेशी जनअधिकार फोरमको नेतृत्वमा भएको पहिलो मधेश आन्दोलनको नेतृत्व गरेर उपेन्द्र नेता बने । दोस्रो र तेस्रो मधेश आन्दोलनबाट उनले संविधानमा नै संघीयता राख्न भूमिका समेत खेले ।

सीके राउत भने त्योभन्दा फरक र सजिलो गरी मधेशमा स्थापित हुने कोशिशमा छन् । कर्णको बुझाइमा महन्थ ठाकुर र उपेन्द्र यादव पछिल्लो पाँच वर्ष काठमाडौंको सत्ता राजनीतिमा लिप्त रहँदा मधेशमा बढेको असन्तुष्टिलाई समाएर जनतामा जान राउतलाई सजिलो छ । तर मसिहा बन्न सहज भने छैन ।




हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विराटनगर दुग्ध वितरण आयोजना
कंचनवारी, विराटनगर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

NEURO CARDIOMULTISPECIALITY
HOSPITAL PVT.LTD. BIRATNAGAR

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

लाईफ गार्ड हस्पिटल परिवार
बरगाछी, विराटनगर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गोल्डेन हस्पिटल परिवार
हस्पिटल चौक विराटनगर